निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय, रौतहट

# DISTRICT ELECTION OFFICE, RAUTAHAT

पत्र संख्या : २०७९/०८०

चलानी नं. : ४६

मिति :२०७९।०५।२३

**विषयः सूचना,नाम नामेशी प्रकाशन तथा मुचुल्का सम्बन्धमा ।**

श्री जिल्ला समन्वय समितिको कार्यालय,रौतहट

श्री स्थानीय तह सबै,रौतहट ।

प्रस्तुत विषयमा निर्वाचन आयोग,नेपालको कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखाको प.सं. /च.नं. २०७९/०८०/१२६ मिति २०७९।०५।२२ को पत्रानुसार स्थानीय तह सदस्य निर्वाचन,२०७९ को नगर कार्यपालिका/गाउँ कार्यपालिकाका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन,२०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले आफु उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र जिल्ला समन्वय समितिका उम्मेदवारहरुले आफु उम्मेदवार भएको सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालयमा गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सार्वजनिक गरी सो को जानकारी यस जिल्ला निर्वाचन कार्यालय रौतहटमा उपलब्ध गराउने तथा नगर कार्यपालिका / गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा भाग लिई निर्वाचन खर्चको विवरण कानुनद्धारा तोकिएको समयमा नबुझाउने उम्मेदवारहरुले आफ्नो सफाइ सहितको स्पष्टिकरण ७ दिन भित्र यस जिल्ला निर्वाचन कार्यालय रौतहटमा बुझाउने जानकारीको सूचना तथा खर्चको विवरण समयभित्र बुझाउने/नबुझाउने उम्मेदवारहरुको नाम नामेशी सहितको विवरणको विधुतियप्रति यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

<u>नोट</u> : यसै पत्रसाथ संलग्न गरी पठाइएको सूचना तथा नाम नामेशी सहितको विवरण सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालय तथा सम्बन्धित स्थानीय तहको कार्यालयको Website, Facebook Page र सूचना पाटीमा सबैले देख्ने गरी प्रकाशन गरी सोको रितपूर्वक मुचुल्का खडा गरी जिल्ला निर्वाचन कार्यालयमा यथासिघ्र पठाइदिनु हुन अनुरोध छ ।

२०७९/०५/२३

छोटे लाल दास

जिल्ला निर्वाचन अधिकारी

गौर, रौतहट, नेपाल फोन नं. (९७७-०५५) ५२०१०० / Gaur, Rautahat, Nepal Tel:(977-055) 520100

Email :- deo.rautahat@election.gov.np

Scanned with CamScanner